# आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि-२०७४

**प्रस्तावना :**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० को दफा ७० बमोजिम यस आठविसकोट नगरपालिकाको स्थानीय संचित कोष बाट केहि रकम विनियोवन गरी आकस्मिक कोषको स्थापना गरिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि यस नगर कार्यपालिकाले नगरपालिकाको अधिकार क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्युन आर्थिक स्थिति भएका मुटु, मृगौला, क्यान्सर लगायतकाशरिरका संवेदनशिल अंगहरुकदीर्घरोगी तथा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिलाई नियन्त्रण गर्न एक आकस्मिक कोष स्थापना गर्न वाञ्छनिय भएकोले यो कोषको स्थापना गरिएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम “आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४” रहेको छ ।

१.२ यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. “कार्यविधि” भन्नाले आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ भन्ने बुझ्नुपर्छ ।

ख. “कोष” भन्नाले आकस्मिक कोष भन्ने बुझ्नुपर्छ ।

ग. “कार्यपालिका” भन्नाले आठविसकोट नगर कार्यपालिका भन्ने बुझ्नुपर्छ ।

घ. “आकस्मिक कार्य” भन्नाले भुकम्प, बाढि, पहिरो, आगलागि, माहामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायतमानवीय जीवनमा दीघकालीनअसर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर जस्ता दीर्घरोग बाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने आकस्मिक कार्य लगायलाई बुझ्नुपर्छ ।

### ३. कोष स्थापना

आठबिसकोट नगरपालिका, रूकुम(पश्चिम)

३.१ आकस्मिक कोष संचालन तथा व्यवस्थापन कोष नामक एक कोषको स्थापना नगरपालिकामा हुनेछ ।

**४. आकस्मिक कोषमा जम्मा गरिएको रकम**

४.१ नगरपालिकाको संचित कोषबाट आर्थिक सहायता, विपद् व्यवस्थपनको लागि नगरसभाको निर्णय बमोजिमको विनियोजित रकम पहिलो पटक आकस्मिक कोषमा जम्मा गरिएको छ ।

## परिच्छेद २

## कोषको अवधारण, लक्ष्य, उद्देश्य र नीति

**५. अवधारणा**

आठविसकोट नगरपालिकाभित्रमा घट्न सक्ने सबै प्रकारका प्राकृतिक तथा मानव सृर्जित विपदबाट प्रभावित व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्युन आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशीत घटनामा परीअंगभंग भएकाहरुलाई पहिचान गरी राहत सहयोग पु-याउनु नै कोषको अवधारणा हुनेछ ।

**६. लक्ष्य**

प्राकृतिक तथा मानव सृर्जित विपदको प्रकोपमा परेका व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउनु, विपन्न दीर्घरोगीहरु, अंगभंग भएकाहरुलाई तत्काल राहत सहयोग पुऱ्याउनु र अप्रत्याशीत स्थितिमा संचालन हुने उद्धार तथा राहत सम्बन्धि कार्यहरु गरी मानवीय एवं धनजनको छिन्नभिन्न हुने अवस्थामा कमी ल्याउनु नै कोषको लक्ष्य रहेको छ ।

**७. उद्देश्य**

७.१ विपद् पिडितहरुलाई तत्काल उद्धार गरी राहत उपलब्ध गराउने,

७.२ आकस्मिक वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिको सामना गर्न आवश्यक तयारी एवं कार्य गर्ने,

**८. नीति**

८.१ विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराई पुनःस्थापना तर्फ उन्मुख गराउने,

८.२ नगरपालिकाको कार्यक्षेत्र भित्र भईपरि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने,

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

८.३ स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगीहरु, दुर्घटनामा परि अंगभंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने,

## परिच्छेद ३

## कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

### ९. कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

९.१ कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तीको लागी आठविसकोट नगरकार्यपालिका स्वयम्ले कोषको व्यवस्थापन गर्नेछ ।

९.२ विशेष परिस्थितिमा कार्यपालिकाको निर्णय एवं. नगरकार्यपालिकाले बनाएको प्राकृतिक प्रकोप उद्धार तथा राहत सम्बन्धि मापदण्ड, आर्थिक सहायता सम्बन्धि मापदण्डमा भएको व्यवस्था अनुसार कोषबाट रकम खर्च गरिनेछ ।

९.३ बुदाँ नं. २ (घ) मा परिभाषित आकस्मिक कार्य बाहेक अन्य प्रयोजनका लागि यस कोष बाट रकम खर्च गर्न सकिने छैन ।

९.४ कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

## परिच्छेद ४

## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

### १०. कोषको वित्तिय व्यवस्थापन

१०.१ कोषमा देहायका रकमहरु रहने छन् :

क) नगरसभाबाट आकस्मिक कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख) दातृ निकाय, गैर सरकारी संस्था, संघिय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम ,

### ११. कोषको आर्थिक व्यवस्था

कोषको आर्थिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

## १२. प्रशासनिक व्यवस्था

कोषको प्रशासनिक तथा आर्थिक कारोवार बुँदा नं. ९.४ मा उल्लेख भए बमोजिम हुनेछ ।

# परिच्छेद ५

# विविध

## १३. आकस्मिक कोषको रकम बृद्धि गर्न सक्ने

नगरपालिकाले नगरसभाबाट स्वीकृत गराई आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

## १४. जाँच पास तथा फरफारक

कोष बाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

## १५. कार्यविधिको संशोधन

यस कार्यविधिलाई नगरकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

## १६. बचाउ र खारेजी

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हकमा स्वत खारेज भएको मानिनेछ ।

ख) कुनै कारण बाट कोष संचालन हुन नसकेमा नगरकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको सम्पत्ति तथा दायित्व नगरपालिकाको संचित कोषमामा स्वतः सर्नेछ ।

**नगरकार्यपालिकाबाट स्वीकृती मितिः**
**मितिः** २०७४/०९/१८

**प्रमाणिकरण मिति**
२०७४/०९/२३

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)